# गोदावरी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
अत्तरिया, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

गोदावरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय अत्तरिया, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

प.सं.:- २०८३/८४ (प्रशासन)
च.नं.:- ___________

मितिः- २०८३/०५/२३
नेपाल संवत् ११४६ गुंलागा १२ मंगलबार

**नविकरण गर्न छुट भएका "घ" वर्गको ईजाजत पत्र नविकरण सम्बन्धमा**

यस कार्यालयबाट "घ" वर्ग निर्माण व्यवसायी इजाजतपत्र लिएका तर "घ" वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धी कार्यविधी, २०७४ (तेस्रो संशोधन २०८१) को दफा ५ र गोदावरी नगरपालिकाको आर्थिक ऐन बमोजिम तोकिएकको समयावधि भित्र नविकरण नभएका तथा दुई वर्ष भन्दा बढी अवधीको नविकरण गर्न छुट भएका "घ" वर्गका निर्माण व्यवसायीहरुलाई सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र सम्बन्धित आ.व.को आर्थिक ऐनमा तोकिएको नविकरण र जरिवाना सहितको दस्तुर लिई एक पटकका लागि नविकरण गर्न १७ औं नगरसभा र यस कार्यालयको मिति २०८३/०५/२२ गतेको निर्णयानुसार तपसिल बमोजिमका कागजात सहित यस कार्यालयमा निवेदन दिई नविकरण गराउन हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । साथै तोकिएको समायावधी भित्र नविकरण नगराउने निर्माण व्यवसायीहरुको ईजाजत पत्र गोदावरी नगरपालिकाको "घ" वर्ग निर्माण व्यवसायी ईजाजत पत्र कार्यविधि, २०७४ को दफा (६) अनुसार स्वतः खारेज भई जाने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

तपसिलः-

- सक्कले निवेदन,
- आ.व. २०८१/८२ वा २०८२/८३ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी,
- नविकरण दस्तुर (बिलम्व शुल्क सहित) को सक्कलै रसिद,
- घरेलु तथा साना उद्योग कार्यालयको दर्ता नविकरण तथा कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएमा सोको प्रतिलिपी,
- ईजाजत पत्रको सक्कलै प्रमाण पत्र ।

.........................
धर्मराज विनाडी
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत